# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२०१ बारा, २०८३ भदौ २६ गते शुक्रबार / औशी / नेपाल संवत् ११४६ / Friday, September 11 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## बाढीपीडितलाई निजगढ नपाको ४० लाख ४० हजार सहयोग



निजगढ, २५ भदौ/निजगढ नगरपालिकाले रसुवा, नुवाकोट, धादिङ र गोरखा जिल्लामा बाढीका कारण प्रभावित भएका नागरिकहरूको उद्धार, राहत तथा पुनःस्र्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ४० लाख ४० हजार ४४० रुपैया सहयोग गर्ने भएको छ ।

नगरपालिका नगरकार्यपालिकाको आज बसेको बैठकले नगरपालिकाको विपद् व्यवस्थापन कोषको रकम, जनप्रतिनिधि र कर्मचारीको मासिक तलब तथा भत्ता रकमसमेत गरी राहत कोषमा उक्त रकम जम्मा गर्ने निर्णय गरेको हो ।

नगरप्रमुख सुरथ पुरीका अनुसार प्रधानमन्त्री राहत कोषमा नगरपालिकाका सबै जनप्रतिनिधिहरुले १० दिन बराबरको भत्ताको रकम र कर्मचारीहरुको तहअनुसार २ दिनदेखि १० दिन बराबरको तलब जम्मा गरिने छ ।

गत भाद्र १० गते भोटेकोशीको बाढी लगत्तै नगर प्रमुख पुरीले शोक सन्देश निकालेर बाढीले पुऱ्याएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै नगरपालिकाले प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनःस्र्थापनाका लागि यथासक्य सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

यसअघि जिल्लाको कलैया उपमहानगरपालिकाले बाढी पीडितहरुको लागि प्रधानमन्त्री राहत कोषमा ७७ लाख ७७ हजार ७ सय ७७ रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको थियो भने जीतपुरसिमरा उपमहानगरपालिकाले ११ लाख रुपैया सहयोग गर्ने निर्णय गरेको छ ।

त्यसैगरी जिल्लाको महागढीमाई नगरपालिकाले पनि राहत कोषमा ४१ लाख ५१ हजार रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ ।

## गरिमा हत्या आरोपी दुई नाबालकलाई बाल सुधार गृह पठाउन अदालतको आदेश

सिमरा, २५ भदौ/बाराको जीतपुरसिमरा उपमहानगरपालिका( १ की तीन वर्षीया बालिका गरिमा (गढिमा) चौधरीको बलात्कारपछि हत्या आरोपमा पक्राउ परेका दुई नाबालकलाई बारा जिल्ला अदालत बाराले बाल सुधार गृह पठाउने आदेश दिएको छ ।

न्यायाधीश प्रकाशकुमार अधिकारीको इजलासले मुद्दाको अन्तिम किनारा नलागुञ्जेलसम्मका लागि दुवै नाबालकलाई बाल सुधार गृह पठाउने आदेश दिएको हो ।

अदालतले बालबालिका सम्बन्धी ऐन २०७५ र मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को कानूनी व्यवस्था अनुसार उनीहरूलाई सुधार गृह पठाउँदै पीडित पक्षलाई तत्काल दुई लाख रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराउनसमेत आदेश जारी गरेको छ ।

अदालतमा सरकारी वकील तथा जाहेरवालाका तर्फबाट बहस गर्ने कानून व्यवसायीहरूले घटना गम्भीर अपराध भएकाले थुनामै राखेर पुर्पक्ष गर्न माग गरेका थिए । जिल्ला बार एकाईका प्रतिनिधिहरूले पनि योजनाबद्ध रूपमा बालिकाको अपहरण, बलात्कार र हत्या गरिएको भन्दै कारागार चलानको माग राखेका थिए । तर प्रहरी प्रतिवेदन,



स्वास्थ्य परीक्षण तथा पोलिग्राफ परीक्षण रिपोर्टको अध्ययनपछि न्यायाधीश अधिकारीले सुरक्षा र कानुनी प्रावधानलाई ध्यानमा राख्दै उनीहरुलाई बाल सुधार गृह पठाउने निर्णय गरेका हुन् ।

घटनाको अनुसन्धानका लागि प्रहरीले १२ जनालाई नियन्त्रणमा लिएको छ । नाबालकको हकमा २१ दिनभित्र अदालत पेश गर्नुपर्ने कानुनी प्रावधानका कारण सुरुमा दुई जनालाई मात्र अदालतमा उपस्थित गराइएको हो । प्रहरीले उनीहरूमाथि पनि अपहरण, शरीर बन्धक, जबरजस्ती करणी र कर्तव्य ज्यान सम्बन्धी मुद्दा दायर गरेको छ ।

बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरका अनुसार हिरासतमा रहेका प्रोग्रेस चौधरीसहित अन्य १० जना अभियुक्तहरूलाई पनि अदालतमा पेश गर्ने तयारी भइरहेको छ ।

गत साउन ३१ गते प्रोग्रेसको घरमा खेल्न गएको बेला बेपत्ता भएकी गरिमा भदौ २ गते साँझ भक्तिनगरस्थित एक घरमा मृत अवस्थामा फेला परेकी थिइन्

सोही घटनाको अनुसन्धानका क्रममा अस्पतालमा खिचिएको भिडियो सार्वजनिक भएपछि एक प्रहरी हवल्दारलाई थुनामा राखी अनुसन्धान अघि बढाइएको छ भने अन्य कर्मचारीमाथि पनि विभागीय कारबाही प्रक्रिया सुरु गरिएको छ ।

बालिकाको हत्यापछि दोषिमाथि कडा कारबाहीको माग गर्दै प्रदर्शनमा उत्रिएका स्थानीयले सिमरास्थित त्रिभुवन राजपथ एक सातासम्म सडक अवरुद्ध पारेका थिए । गृह मन्त्रालयमा भएको सहमतिपछि भदौ ७ गतेबाट आन्दोलन रोकिएको थियो ।

## राप्रपा बारा जिल्ला अध्यक्षमा विनोद भारती निर्वाचित

निजगढ, २५ भदौ/राष्ट्रिय प्रजातन्त्र पार्टीको बारा जिल्ला अध्यक्षमा विनोद भारती चुनिनु भएको छ । कलैयाको एभरेष्ट होटलमा आज भएको सो पार्टीको छैठौं जिल्ला अधिवेशनले निजगढका युवा नेता भारतीको अध्यक्षतामा २१ सदस्यीय नयाँ जिल्ला कार्यसमिति सर्वसम्मत रुपमा चयन गरेको हो ।

अधिवेशनबाट जिल्ला समितिको सदस्यमा बुद्धिप्रसाद पाण्डे, लक्ष्मी साह कलवार, महाविरप्रसाद यादव, जागेश्वर गिरी, होमबहादुर रखाल, रेशमबहादुर राउत, मेघबहादुर कार्की, शुशिलकुमार सिंह, खडगप्रसाद उप्रेती निर्वाचित भएका छन ।

त्यसैगरी सदस्यमा विश्वनाथ साह कानु, मन्जुर मिया मन्सुर, शम्भुप्रसाद चौधरी, सीतादेवी चौधरी, शिवप्रसाद तिमल्सिना, दिपा यादव, महन्थप्रसाद




यादव, विश्वनाथ साह कानु, मुलचन पासवान, राजेशप्रसाद यादव, मणिकान्त चौधरी, सीता देवी चौधरीलगायत निर्वाचित भएको जिल्ला सदस्य खडग उप्रेतीले जानकारी दिनुभयो ।

यसअघि अधिवेशनको उद्घाटन पार्टी केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देलले गर्नुभएको थियो ।

## वीरगञ्ज महानगरले मलको मूल्य बढाएपछि वडाध्यक्ष यादवको विरोध




वीरगञ्ज, २५ भदौ/वीरगञ्ज महानगरपालिकाले रासायनिक मलको बिक्री मूल्य बढाउने निर्णयपछि महानगरपालिकाकै एक वडा अध्यक्षले विरोध जनाएका छन् ।

महानगरका कार्यवाहक मेयर इम्तियाज आलमको अध्यक्षतामा गत भदौ १७ गते बसेको स्थानीय तह मल वितरण व्यवस्थापन समितिको बैठकले युरिया, डीएपी र पोटास मलको मूल्य प्रतिबोरा १ सय रुपैयाँले वृद्धि गर्ने निर्णय गरेपछि महानगरपालिका( ३० का वडा अध्यक्ष मनोज यादवले आपत्ति जनाउनुभएको हो ।

किसानहरू उत्पादन लागत, सिँचाइ, बीउ, मजदुरी, विद्युत् तथा अन्य कृषि सामग्रीको बढ्दो मूल्यका कारण आर्थिक दबाबमा रहेका बेला मलजस्तो अत्यावश्यक कृषि सामग्रीको मूल्य बढाउनु उचित नभएको उहाँको भनाइ छ ।

किसानलाई राहत तथा प्रोत्साहन दिनुपर्ने समयमा स्थानीय तहले नै रासायनिक मलको मूल्य बढाउँदा त्यसको प्रत्यक्ष भार किसानमाथि पर्ने वडा अध्यक्ष यादवले बताउनुभयो । यस्तो अवस्थामा मलको मूल्यसमेत वृद्धि गर्दा उत्पादन लागत थप बढ्ने र त्यसको असर किसानको आम्दानीमा पर्ने भएकाले महानगरपालिकाले निर्णय पुनर्विचार गर्नुपर्ने उहाँको माग छ ।

वडा अध्यक्ष यादवले महानगरपालिकालाई मलको मूल्यवृद्धि सम्बन्धी निर्णय फिर्ता लिएर किसानमैत्री मूल्य कायम गर्न आग्रह गर्नुभएको छ ।

## वीरगन्जस्थित नारायणी अस्पतालमा ५० वटा शव अट्ने शवगृह निर्माण हुने

वीरगञ्ज, २५ भदौ/वीरगञ्जस्थित नारायणी अस्पतालमा ५० वटा शव राख्न सकिने क्षमताको शवगृह निर्माण गरिने भएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले देशका १२ वटा संघीय अस्पताल तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शवगृह निर्माण तथा क्षमता विस्तार गर्ने नीतिगत निर्णय गरेसँगै नारायणी अस्पतालमा पनि यो महत्वपूर्ण



पूर्वाधार बन्ने निश्चित भएको हो ।

मन्त्रालयको यस निर्णयअनुसार नारायणी अस्पतालसहित कोशी अस्पताल, गजेन्द्रनारायण सिंह अस्पताल, भरतपुर अस्पताल, भेरी अस्पताल र डडेलधुरा अस्पतालमा कम्तीमा ५० शव व्यवस्थापन गर्न सक्ने क्षमताको शवगृह निर्माण वा क्षमता विस्तार गरिनेछ ।

यसैगरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, बीपी कोइराला स्वास्थ्य विज्ञान

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# मन्त्रीको राजीनामा : दबाब कि नैतिकता

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादवको राजीनामाले नेपालको राजनीतिक र प्रशासनिक वृत्तमा गैरजिम्मेवार अभिव्यक्तिको परिणाम र सार्वजनिक जवाफदेहिताको विषयलाई पुनः एकपटक बहसमा ल्याइदिएको छ ।

मुलुकमा, विशेषगरी काठमाडौँ उपत्यकामा, लामो समयदेखि चुलिएको खाना पकाउने एलपी ग्यासको चर्को अभाव र उपभोक्ताले भोग्नुपरेको सास्तीलाई नीतिगत रूपमा समाधान गर्नुपर्ने मुख्य दायित्व मन्त्रीकै थियो । तर, समस्याको गम्भीरतालाई बुझेर आपूर्ति व्यवस्था चुस्त बनाउन ठोस कदम चाल्नुको सट्टा संसदीय समितिको बैठकमा ग्यास उद्योगीहरूलाई लक्षित गर्दै "पाता फर्काउनुपर्ने" र देशका ५८ वटै ग्यास उद्योगको लाइसेन्स खारेज गरिदिने जस्ता उत्तेजित र गैरजिम्मेवार अभिव्यक्ति दिनु मन्त्री यादवको अपरिपक्वता थियो ।

बजारको संकट टार्न निजी क्षेत्र र कर्मचारी संयन्त्रसँग समन्वय गरी निकास खोज्नुपर्नेमा संसद् जस्तो गरिमामय ठाउँमा धम्कीपूर्ण भाषा प्रयोग गर्नु कुनै पनि जिम्मेवार पदाधिकारीका लागि सुहाउने कुरा होइन ।

उद्योगीहरूको विरोध र चौतर्फी आलोचनापछि अन्ततः उनले प्रधानमन्त्री बालेन्द्र शाहसमक्ष दिएको राजीनामाले लोकतान्त्रिक प्रणालीमा जनभावनाविपरीतका अमर्यादित अभिव्यक्ति टिक्न सक्दैनन् भन्ने सन्देश त दिएको छ, तर मन्त्रीको बहिर्गमनले मात्रै आम उपभोक्ताले भोगिरहेको ग्यास संकट हल हुँदैन ।

अब सरकारले तत्काल यो आपूर्ति संकटको दीर्घकालीन समाधान खोज्न र बजारमा व्याप्त कालोबजारी रोक्न ठोस कदम चाल्नुपर्छ, ताकि राजनीतिक फेरबदल र मन्त्रीका आवेगको मूल्य नागरिकले चुकाउनु नपरोस् । राजीनामाले राजनीतिक रूपमा एउटा सन्देश दिए पनि आम उपभोक्ताले भोगिरहेको दैनिक सास्ती र बजारको आपूर्ति शृङ्खलाको समस्या भने जस्ताको तस्तै छ । नेपालमा अत्यावश्यक वस्तुको भण्डारण र वितरणमा निजी क्षेत्रको सहभागिता ठूलो छ, जसलाई नियमन र प्रोत्साहन दुवै आवश्यक पर्छ

ग्यासजस्तो अत्यावश्यक वस्तुको आपूर्ति नियमित राख्नु केवल व्यापारिक विषय होइन, यो नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको सार्वजनिक जिम्मेवारी पनि हो । त्यसैले सरकारले अभाव देखिन थालेपछि मात्रै प्रतिक्रिया जनाउने होइन, सम्भावित संकटको पूर्वानुमान गरी पर्याप्त मौज्दात, ढुवानी तथा वितरणको प्रभावकारी व्यवस्था सुनिश्चित गर्नुपर्छ । आपूर्ति व्यवस्थामा देखिने कमजोरीको जिम्मेवारी एकअर्कामाथि थोपरेर सरकार उम्किन मिल्दैन । उपभोक्ताले सहज रूपमा ग्यास पाउने अवस्था सिर्जना गर्नु सरकारको पहिलो दायित्व हो । त्यसका लागि उद्योगी, व्यवसायी, आयातकर्ता र सरकारी निकायबीच नियमित समन्वय र स्पष्ट कार्ययोजना आवश्यक छ ।

अब प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वको सरकारले नयाँ मन्त्रीको चयन गर्दा बोलीमा संयम र काममा परिपक्वता भएको नेतृत्व ल्याउनुपर्छ । बजारमा कृत्रिम अभाव सिर्जना गर्ने तत्वहरूमाथि कानुनी कारबाही गर्दै निजी क्षेत्र र सरकारी निकायबीचको दूरी कम गरी आपूर्ति व्यवस्थालाई तत्काल सहज बनाउनु नै अहिलेको मुख्य राष्ट्रिय प्राथमिकता हुनुपर्छ ।

साथै, मन्त्रीको राजीनामालाई केवल राजनीतिक दबाबको परिणामका रूपमा होइन, सार्वजनिक पदमा बसेकाहरूले आफ्नो बोली र व्यवहारप्रति जवाफदेही हुनुपर्ने नैतिक मान्यताका रूपमा पनि स्थापित गर्न आवश्यक छ । पदमा बस्नु अधिकार मात्र होइन, त्यससँग जोडिएको जिम्मेवारी र उत्तरदायित्व वहन गर्नु पनि हो ।

# असंलग्नताको सान्दर्भिकता




संयुक्त राष्ट्रसंघको ८१ औं वार्षिक अधिवेशन यस विश्वसंस्थाको मुख्यालय न्यूयोर्कमा मङ्गलबार अपराह्न (स्थानीय समय) आरम्भ भएको छ । यसपालिको अध्यक्षता बंगलादेशका कूटनीतिज्ञ खलिलुर रहमानबाट हुँदैछ । संस्थाका महासचिव एण्टोनियो गुटेर्रस आफ्नो कार्यकालको अन्तिम चार महिनामा छन्, तसर्थ यसै अवधिमा नयाँ नेतृत्वको चयन हुनुपर्नेछ । त्यस जिम्मेवारीमा पहिलो पटक कुनै महिलाको छनोट हुने सम्भावनाको चर्चा बाक्लो भएको बेला छ ।

राष्ट्रप्रमुख र सरकारप्रमुखहरूको भाषणको सत्र सेप्टेम्बरको अन्त्यतिर हुने परम्परा रहेको छ । यसपालि त्यो सत्र असोज ६-१० मा पर्दैछ । सन् १९४५ अक्टोबरमा ५१ सदस्य देश मिलेर स्थापना गरेको संयुक्त राष्ट्रसंघ (संरासं) अहिले १९३ देशको साझा चौतारी भैसकेको छ जसमा साना-ठूला सबैको मताधिकार समान रहने संस्थाको बडापत्र (चार्टर) ले व्यवस्था गरेको छ

होली सी (भ्याटिकन) र प्यालेष्टाइन पर्यवेक्षकको हैसियत राख्दछन् । यी सबैको पवित्र उद्देश्य विश्वशान्ति र समृद्धिको हो; परन्तु हाल युरोप, एसिया, अफ्रिका र दक्षिण अमेरिकामा चालू रहेका युद्ध र तनाउले विश्वसंस्थाको लक्ष्यप्राप्तिलाई संशयको घेरामा पारेको छ । आजको विश्व समुदायले के भनेर चाहिँ सन्तोष लिन सक्छ भने कदाचित् संरासं जस्तो व्यापक साझेदारी भएको निकाय नहुँदो हो त हालको स्थिति अझ कहालिलाग्दो हुनेथियो । तसर्थ त्यस्तो भयावह अवस्था आउन नपाउनुलाई नै उपलब्धि मानिनु आश्चर्य भएन ।

संरासंको सदस्यता संख्याको निकटमा रहेको अर्को समूह हो असंलग्न आन्दोलन; जसमा १२१ सदस्य छन् ( दक्षिण सुडान कान्छो सदस्य हो ।) । सन् १९६१ मा तत्कालीन युगोस्लाभियाको राजधानी बेलग्रेडमा पहिलो शीर्षस्थ सम्मेलन भएको थियो । ६५ वर्षपछि फेरि बेलग्रेडमै केही दिनपहिले संस्मरणात्मक सम्मेलन आयोजना गरिएको थियो । नेपालबाट परराष्ट्रमन्त्री सम्मिलित हुने तय भएकोमा भदौ १० गतेको 'हिमाली सुनामी' सरहको प्राकृतिक विपद्ले गर्दा मन्त्रीस्तरीय प्रतिनिधित्व हुन पाएन । मन्त्रालयका एक वरिष्ठ अधिकृतबाट नेपालको प्रतिबद्धता नवीकरण गराइयो । संविधानमा नै असंलग्न परराष्ट्र नीतिको उल्लेख भएको हुनाले यसमा तलमाथि गर्ने कुरो पनि आएन । असंलग्न समूहमा १८ वटा राष्ट्रले पर्यवेक्षकको हैसियत राख्छन्; जसमा चीन, ब्राजिल र मेक्सिको जस्ता मुलुक पर्दछन् । थप १० वटा अन्तर्राष्ट्रिय संस्था पर्यवेक्षक सदस्य छन्; जसमा संरासं नै सामेल छ । एसिया, अफ्रिका, युरोप र दक्षिण अमेरिका महादेशको सहभागिता भएको यस्तो विशिष्ट समूहको सान्दर्भिकता कम आकलन गर्न त्यसै पनि मिल्दैन । सन् २०२४ मा १९औं शिखर सम्मेलनको आयोजनासँगै हाल यस समूहको नेतृत्व युगाण्डाले गरिरहेको छ । यही डिसेम्बरमा राजधानी कम्पालामा मन्त्रीस्तरीय बैठक सम्पन्न भएपछि भने असंलग्न समूहलाई डोऱ्याउने जिम्मा उज्बेकिस्तानमा सर्दैछ । असंलग्न समूहको छुट्टै स्थायी भौतिक संरचना नभएकाले समन्वयको काम गराउने कार्यालय (ब्युरो) संरासं भवनमै राखिएको छ ।

### क्रियाशील मञ्च

दोस्रो विश्वयुद्ध (सन् १९३९-४५) को अन्त्य हुनासाथ संरासं स्थापना भएको थियो । त्यसको १० वर्षपछि अर्थात् १९५५ मा असंलग्न अभियानको जग बसालिएको हो । इण्डोनेसियाको बानडुङमा । अफ्रिका र एसियाका २९ देश सामेल भएर विश्वशान्तिका लागि प्रयत्न गर्न यो मञ्च क्रियाशील गराएका हुन् । नेपाल त्यसमा पनि सामेल थियो र सन् १९६१ को पहिलो शिखर सम्मेलनमा पनि । अभिलेख अनुसार, असंलग्न समूहको आवश्यकता महसूस गरेर त्यसलाई मूर्तरुप दिने श्रेय पाँच देशका नेतालाई दिने गरिएको छ- जोसिप ब्रोज टिटो (युगोस्लाभिया), जवाहरलाल नेहरू (भारत), गमाल अब्देल नास्सेर (इजिप्ट), क्वामे एन्क्रुमो (घाना) र सुकार्नो (इण्डोनेसिया) । घटनाक्रमलाई नियाल्दा संरासं कार्यकारी जिम्मेवारीमा रहने निकाय र असंलग्न समूह परामर्शदाताको भूमिका निर्वाह गर्ने माध्यमजस्ता देखिन्छन् ।

जगजाहेर छ, विश्वयुद्ध सकिँदाको परिवेशमा शीतयुद्धको थालनी हुन गयो । यसमा अमेरिका र सोभियत संघ एक-अर्काका प्रतिद्वन्द्वी भए, र विश्व नै लोकतान्त्रिक र साम्यवादी शिविरमा बाँडिन पुग्यो । अमेरिकी नेतृत्वको सैनिक संगठन 'नेटो' र सोभियत खेमातिर 'वार्सा' गुट निर्माण भयो । त्यसै पृष्ठभूमिमा यी सैनिक दुई गुटमध्ये कुनैमा पनि नलागीकन तटस्थ रहने गरी तेस्रो धार अर्थात् असंलग्न समूह गठन भएको हो । 'तेस्रो विश्व' भन्ने शब्दावली सम्भवतः त्यसै परिप्रेक्ष्यमा प्रचलनमा आएको हो; जसलाई अचेल 'ग्लोबल साउथ' ले विस्थापित गरेको छ- निर्धन देशहरूको समूह भन्ने जनाउन ।

जे होस्, असंलग्न समूहले अन्तर्राष्ट्रिय चासोका विषय र मामिलामा गुणदोषका आधारमा दृष्टिकोण बनाउने र त्यसलाई अभिव्यक्ति दिने नीति अँगाल्यो । अष्ट्रिया र स्वीट्जरल्याण्डले अपनाएजस्तो निष्कृय तटस्थताभन्दा असंलग्न समूहको तटस्थता सकृय प्रकृतिको रहने गरेको छ । युक्रेनउपरको रूसी आक्रमणबारे संरासं महासभामा पहिलो पटक मतदान हुँदाको नतिजालाई यसै प्रसङ्गको प्रमाण मान्न सकिन्छ ।

सन् १९४५ पछिको विश्व-व्यवस्थाको परिवेशमा खडा भएको असंलग्न समूहको मान्यता बानडुङ सम्मेलनका क्रममा लिपिबद्ध भएका १० वटा सिद्धान्तको उल्लेख बरोबर हुने गर्दछ । त्यसमा मानव अधिकार, राष्ट्रसंघको बडापत्रप्रतिको सम्मान, हरेक राष्ट्रको स्वतन्त्रताको कदर, अहस्तक्षेप, द्वन्द्वहरूको शान्तिपूर्ण समाधान जस्ता अवधारणालाई सविस्तार वर्णन गरिएको छ ।

सोभियत संघ विघटन (डिसेम्बर १९९१) भएर रसियन फेडरेसनलगायत १५ वटा स्वतन्त्र देश अस्तित्वमा आएपछिको विश्व परिदृश्य फेरियो । अमेरिकालाई चुनौती दिने अर्को शक्तिराष्ट्र तत्काल नदेखिएको स्थितिमा उसको हालिमुहाली टड्कारो हुँदै गयो । तर सन् २००१ सेप्टेम्बरको आतङ्ककारी घटना, सन् २००८ को आर्थिक मन्दी र त्यसपछिका घटनाक्रमले अमेरिकालाई प्रतिस्पर्धाको चरणमा पुऱ्यायो । सन् २०१७ को अमेरिकी 'राष्ट्रिय सुरक्षा रणनीति' मा यस वास्तविकतालाई स्वीकार गरिएको छ । रूस त छँदै थियो, अमेरिकी हैकमलाई हाँक दिने तहमा चीन पनि उक्लियो । यसरी क्रमिक रूपमा समीकरण फेरिएको र शक्तिराष्ट्रको रूपमा चीनको उदय भएको तथ्यलाई कतिपय विश्लेषकले शीतयुद्ध-२ भन्ने गरेको पाइन्छ । सन् २०१४ यताको अवधि निकै हलचलयुक्त रहेको छ ।

### परिवर्तित प्राथमिकता

कालक्रममा, असंलग्न आन्दोलनका मौलिक मान्यताहरू जस्ताको तस्तै रहेनन् । कतिपय राष्ट्रले आफ्नो भौतिक उन्नतिका उपलब्धिलाई समेत आधार बनाई असंलग्नताका सिद्धान्तलाई परिमार्जन गरेको दाबी गरेका छन् । छिमेकको भारत नै दृष्टान्त हुनसक्छ । असंलग्न आन्दोलनका पाँच शीर्षस्थ सम्मेलनमा प्रधानमन्त्री तहबाट देशको प्रतिनिधित्व भयो, क्यूबामा भएको छैटौं सम्मेलनमा प्रधानमन्त्री जान सकेनन् । सातौंको आयोजक भारत नै थियो; जुन बखत इन्दिरा गान्धी प्रधानमन्त्री थिइन् । त्यसपछिका दशकमा पनि सहभागिताको स्तर कायम रहेको देखिन्छ । तर सन् २०१४ मा नरेन्द्र मोदी प्रधानमन्त्री भएयता त्यो क्रम भङ्ग भयो । भेनेजुएला र अजरबैजानमा भएका सम्मेलनमा उपराष्ट्रपतिको उपस्थिति रह्यो भने दुई वर्षअघि युगाण्डा-भेला हुँदा विदेशमन्त्री एस जयशंकरबाट भारतको प्रतिनिधित्व भयो । उपरुराष्ट्रपति आलङ्कारिक पद मानिन्छ भने मन्त्रीस्तरको सहभागिता उच्च तहको प्रतिबद्धता जनाउन पर्याप्त हुँदैन ।

यसप्रकार भारतको परिवर्तित दृष्टिकोण र प्राथमिकताको चर्चा स्वयं विदेशमन्त्रीबाट सार्वजनिक हुने गरेको छ । तदनुरुप असंलग्नताको ठाउँ 'बहुसंलग्नता' (मल्टी एलाइन्मेंट) ले लिन थालिसकेको छ । सांघाई को-अपरेसन अर्गनाइजेसन (एस्सीओ) ब्रिक्स र जी-२० भारत पूर्ण सदस्य भएका केही संस्था हुन् । १८औं ब्रिक्स सम्मेलनको आयोजक नै भारत हो; जुन यसै साता दिल्लीमा हुँदैछ । यसबाहेक भारत 'क्वाड' को पनि सदस्य छ; जसमा जापान, अमेरिका र अष्ट्रेलिया सामेल छन् । 'क्वाड्रील्याटरल सेक्युरिटी डायलग' नाम भएको यस समूहमा परेको 'सुरक्षा' शब्द निरर्थक छैन । भारतले सन् १९४७ मा स्वतन्त्र भएदेखि नै राष्ट्रमण्डल (कमनवेल्थ) को सदस्यता पनि कायम राखेको छ; जसको नेतृत्व बेलायतले गर्दछ ।

असंलग्नताको सिलसिलामा नेपालको अभ्यास र अनुभव भारतको भन्दा भिन्न छ । प्रोफेसर जयराज आचार्यको विचारमा नेपालले

बाँकी तेश्रो पेजमा




किस्ताबन्दिमा आफुले खरिद गर्न चाहेको सामानहरू खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरूमा डाउन पेमेन्ट गर्नु पर्छ र बाकि रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरूमा रु १००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरित्ताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाकि रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ ।

# भोटेकोशी बाढीपछि सरकारको राहत-उद्धार कार्यबारे विपक्षी दलको समीक्षा

काठमाण्डौ २५ भदौ/प्रतिनिधिसभाका विपक्षी दलहरूले रसुवाको भोटेकोशी बाढीपछिको खोज, राहत र उद्धारमा सरकारले गरिरहेको कामको समीक्षा गरेका छन् ।

नेपाली कांग्रेसको आह्वानमा आज सिंहदरबारमा बसेको विपक्षी दलहरूको बैठकमा विपद् प्रतिकार्यमा सरकारले गरिरहेको कामको समीक्षा भएको कांग्रेस प्रमुख सचेतक बासना थापाले बताउनुभएको हो ।

बैठकले विपद् व्यवस्थापन, राहत, उद्धार, खोजी र पुनर्स्थापनाका कार्यहरू प्रभावकारी बनाउन संसदीय विशेष समिति गठन गर्न सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ ।

नेकपा एमाले संसदीय दलकी उपनेता पद्मा अर्यालका अनुसार सरकारी राहत(उद्धार कार्यको अनुगमन, निरीक्षण, थप सुझाव दिने र संसदीय रूपबाट आवश्यक सहजीकरणका लागि संसदीय विशेष समिति गठन गर्न सरकारको ध्यानाकर्षण गराउने निर्णय



भएको हो ।

बैठकले अहिलेसम्म उद्धार तथा खोजीमा खटिएका निकायहरू र भएका कामलाई धन्यवाद दिँदै पूर्वतयारी र शुरुआती चरणमा पर्याप्त सल्लाह(परामर्श एवम् समन्वय नहुँदा केही कमीकमजोरी देखिएको निष्कर्ष निकालेको अर्यालले बताउनुभयो ।

राष्ट्रिय विपत्तिको घडीमा दलीय राजनीतिक स्वार्थ र एजेन्डाहरूलाई पूर्णरूपमा पन्छाएर सरकारसँग हातेमालो गर्ने प्रतिपक्षी दलहरूको साझा प्रतिबद्धता रहेको उहाँको भनाइ छ ।

## नवनियुक्त उद्योग,...

मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडी लगायतका कर्मचारीहरूले मन्त्री साहलाई मन्त्रालयमा स्वागत गरेका थिए ।

पदभार ग्रहण गरेपछि सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्दै मन्त्री साहले विगतमा भएका काम र प्रगतिको जानकारी लिएर आफुले काम सुरु गर्ने बताउनुभयो ।

## वीरगन्जस्थित...

प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पनि शवगृह निर्माण तथा क्षमता विस्तारको प्रक्रिया अघि बढाइएको मन्त्रालयले जनाएको छ ।

विपद्का समयमा शव व्यवस्थापनलाई सुरक्षित, व्यवस्थित, मर्यादित र वैज्ञानिक बनाउने तथा फरेन्सिक र मेडिको(लिगल सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले यो योजना अघिसारिएको हो ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले विगतका विभिन्न विपद्का क्रममा, विशेषगरी पछिल्लो भोटेकोशी बाढीका समयमा शव व्यवस्थापनमा देखिएका गम्भीर चुनौती र कठिनाइबाट पाठ सिकेर भविष्यमा यस्तो समस्या दोहोरिन नदिन अस्पतालमै पर्याप्त क्षमताको शवगृह निर्माण अपरिहार्य रहेको स्पष्ट पार्नुभएको छ ।

फरेन्सिक मेडिसिनको महत्व दिनानुदिन बढ्दै गएको सन्दर्भमा मेडिको लिगलसम्बन्धी कामलाई थप प्रभावकारी बनाउन शवगृहको क्षमता विस्तारले महत्वपूर्ण भूमिका खेल्ने मन्त्री मेहताको भनाइ छ ।

नारायणी अस्पतालमा ५० वटा शव अट्ने क्षमताको आधुनिक शवगृह निर्माण भएपश्चात वीरगञ्ज तथा यस आसपासका क्षेत्रमा हुन सक्ने कुनै पनि ठूला विपद्, दुर्घटना वा आकस्मिक घटनाहरूका बेला उत्पन्न हुने शव व्यवस्थापनको समस्या सदाका लागि हल हुने र यसबाट समग्र स्वास्थ्य सेवा प्रणाली थप मजबुत बन्ने अपेक्षा गरिएको छ ।

## प्रधानमन्त्रीशाहको...

परिरहेको असरबारे अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन प्रधानमन्त्री महासभामा जान लाग्नुभएको हो ।

यसैबीच आजको मन्त्रिपरिषद् बैठकले अनुचित लेनदेन अर्थात् मिटरब्याज अपराध नियन्त्रणसम्बन्धी विधेयक तर्जुमा गर्न गृह मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ । यसले मिटरब्याजबाट पीडित नागरिकलाई न्याय दिलाउन आवश्यक कानून निर्माणको बाटो खुला गरेको छ ।

त्यस्तै भूमि व्यवस्था मन्त्रालयको सिफारिशमा काठमाण्डौ, भक्तपुर, ललितपुर, सप्तरी र दाङ गरी ५ वटा जिल्लाका गरिब घरपरिवारको सूची सरकारले स्वीकृत गरेको छ ।

यस्तै बैठकले शिक्षक सेवा आयोगको अध्यक्षमा भक्तपुरका डा. हरिप्रसाद लम्साललाई नियुक्त गरेको छ ।

यस्तै बैठकले २ जना सहसचिवलाई विशिष्ट श्रेणी (सचिव) पदमा बढुवा गर्दै प्रदेशको प्रमुख सचिवमा पदस्थापन गरेको छ । मन्त्रिपरिषद्ले सहसचिव विनोदबहादुर कुँवरलाई सचिव पदमा बढुवा गरी लुम्बिनी प्रदेशको प्रमुख सचिवमा पदस्थापन गरेको छ । अर्का सहसचिव उत्तरकुमार खत्रीलाई पनि सचिव पदमा बढुवा गर्दै सुदूरपश्चिम प्रदेशको प्रमुख सचिवको जिम्मेवारी दिइएको छ ।

## गएको अगस्ट बन्यो अहिलेसम्मकै तातो महिना

काठमाण्डौं,२५ भदौ/युरोपेली सङ्घ (ईयू) को जलवायु अनुगमन सेवा कोपर्निकसले गएको अगस्टलाई विश्वभर रेकर्ड गरिएको सबैभन्दा तातो महिना भएको जनाएको छ ।

कोपर्निकसका अनुसार अगस्टमा विश्वको औसत तापक्रम १६.९६ डिग्री सेल्सियस पुगेको थियो । यो सन् २०२३ को जुलाईमा कायम भएको अघिल्लो मासिक कीर्तिमानभन्दा ०.०१ डिग्री सेल्सियस धेरै हो । अन्तर निकै कम भएकाले दुवै महिनालाई संयुक्तरूपमा सबैभन्दा तातो मानिएको समाचार संस्था एएफपीले जनाएको छ ।

# सरकारको केन्द्र सिंहदरबारबाट व्यक्तिको घरमा सऱ्यो : अमरेशकुमार सिंह

काठमाण्डौ २५ भदौ/राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. अमरेशकुमार सिंहले वर्तमान सरकार प्रधानमन्त्रीको सल्लाकारले चालएको आरोप लगाउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा सांसद सिंहले प्रधानमन्त्रीको कार्यकारी अधिकारमा सल्लाहकार तथा सचिवालय हावी भएको आरोप लगाउनुभएको हो । उहाँले सरकार संविधानको मर्म विपरीत सञ्चालन भइरहेको बताउनुभयो ।

सांसद सिंहले नेपालको संसदीय व्यवस्थामा प्रधानमन्त्री शासन प्रणाली भए पनि व्यवहारमा 'सल्लाहकारको शासन' जस्तो अवस्था देखिएको बताउनुभयो। यस्तो व्यवस्था संविधानको कुन प्रावधानमा आधारित छ ? भन्दै उहाँले प्रश्न उठाउनुभयो ।

सांसद सिंहले प्रधानमन्त्रीको सचिवालयबाट कर्मचारी तथा सुरक्षा निकायका प्रमुखमाथि पटक(पटक दबाव दिने गरेको आरोप पनि लगाउनुभयो । गणतन्त्र, सङ्घीयता, समावेशिता र धर्मनिरपेक्षता संविधानका प्रमुख आधार भए पनि सरकारले त्यसमाथि निरन्तर प्रहार गरिरहेको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, 'हाम्रो संसदीय व्यवस्थामा प्रधानमन्त्रीय शासन व्यवस्था छ । तर प्रधानमन्त्रीय शासन व्यवस्था सल्लाहकारको व्यवस्थामा फेरिएको छ । सरकारको केन्द्र मैले सिंहदरबार बुझ्या थिएँ, तर सरकारको केन्द्र ज्वागल बनेको छ । हुकुमी शासन चलिरहेको छ ।' सांसद सिंहले प्रधानमन्त्रीका सल्लाकारले भारतीय रअ प्रमुखलाई भेटेको पनि दाबी गर्नुभयो । तर त्यो भेटलाई सार्वजनिक नगरेको उहाँको



दाबी छ ।

# कांग्रेस महाधिवेशन : सातै प्रदेशका निर्वाचन समिति संयोजक तोकिए

काठमाडौं २५ भदौ/नेपाली कांग्रेसको केन्द्रीय निर्वाचन समितिले १५ औं महाधिवेशनका लागि प्रदेश निर्वाचन संयोजकहरू तोकेको छ ।

निर्वाचन समिति संयोजक प्रेमबहादुर खड्काले महाधिवेशनमा निर्वाचन सहजीकरणका लागि सात जना वरिष्ठ अधिवक्ताहरूलाई प्रदेश निर्वाचन संयोजक तोक्नुभएको हो ।

जसअनुसार कोशी प्रदेशमा डिल्लीबहादुर कार्की, मधेश प्रदेशमा बलराम सुवेदी, बागमतीमा कृष्ण अर्याल र गण्डकीमा जगन्नाथ ढकाललाई जिम्मेवारी दिइएको छ ।

यस्तै, लुम्बिनीमा दीपकुमार रेग्मी, कर्णालीमा उत्तम आचार्य र सुदूरपश्चिममा गंगाराम पाध्यायलाई संजोजक तोकिएको समिति संयोजक खड्काले जानकारी दिनुभयो ।

उहाँले बिहीबार वडादेखि जिल्लासम्मका पार्टी संरचनाहरूलाई पत्र पठाएर निर्धारित मितिमा अधिवेशन सम्पन्न गर्नका लागि केन्द्रबाट खटाइएका निर्वाचन अधिकृतहरूसँग आवश्यक समन्वय गर्न आग्रह गर्नुभएको छ ।

केन्द्रीय निर्वाचन समितिले असोज ३ र ४ गते गाउँ(नगर वडा अधिवेशन तोकेको छ । समितिले स्थानीय अनुकूलताअनुसार वडा अधिवेशन गर्नुपर्ने भनेको छ ।

यस्तै, असोज ७ मा गाउँ(नगर अधिवेशन र असोज १० मा प्रदेश सभा क्षेत्रीय र प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन तोकिएको छ ।

कांग्रेसले यसअघि नै असोज १६(१९ मा केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका निर्धारण गरिसकेको थियो ।

निर्वाचन समितिले पठाएको पत्रमा बाढी प्रभवित रसुवा, नुवाकोट र धादिङको हकमा तोकिएका निर्वाचन अधिकृत र पार्टीको स्थानीय तहसँगको समन्वयमा अधिवेशन सम्पन्न गर्न भनिएको छ ।

कांग्रेसले जिल्ला अधिवेशन र प्रदेश अधिवेशन १५ औं महाधिवेशनपछि गर्ने बताइएको छ ।






# विनाशकारी बाढीपछिको पुनर्निर्माण गर्न ७ खर्ब २३ अर्ब बढी लाग्ने आकलन



काठमाडौं, २५ भदौ/यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपश्चातको पुनर्निर्माणका लागि सरकारले ७ खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रुपैयाँ आवश्यक पर्ने आकलन गरेको छ ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सहितको संयुक्त प्राविधिक टोलीले तयार पारेको द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदनअनुसार विपद्बाट सबैभन्दा धेरै प्रभावित पूर्वाधार क्षेत्र पुनरुत्थानका लागि मात्रै ४ खर्ब ७३ अर्ब ५७ करोड १९ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ । यो कुल विपद् पुनरुत्थान आवश्यकताको ७५ प्रतिशत हिस्सा हो ।

पूर्वाधार क्षेत्रमध्ये पनि ऊर्जा र सडकमा व्यापक क्षति पुगेको छ । जहाँ ७५९ मेगावाट क्षमताका १३ वटा जलविद्युत् आयोजना र २४ मेगावाटका ५ वटा सोलार प्लान्ट प्रभावित भएका छन् । यसका कारण ऊर्जा तथा ग्रिड प्रणालीको पुनरुत्थानका लागि मात्रै ३ खर्ब ९० अर्ब ६२ करोड ३० लाख ४० हजार रुपैयाँ आवश्यक पर्ने देखिएको छ । यसैगरी ६९ किलोमिटर सडक खण्ड क्षतिग्रस्त भएको छ । ३३ वटा मोटरेबल पुल बगेका छन् भने ४ वटामा आंशिक क्षति पुगेको छ । यस्तै, बाढी प्रभावित क्षेत्रमा रहेका ६४ वटा झोलुङ्गे पुलमध्ये ५३ वटामा क्षति पुगेको छ । प्रभावित क्षेत्रको समग्र यातायात पूर्वाधार पुनरुत्थानका लागि ७३ अर्ब ३४ करोड २९ लाख ६० हजार रुपैयाँ खर्च लाग्ने देखिन्छ ।

बाढीका कारण सामाजिक तथा उत्पादन क्षेत्रमा पनि ठूलो भौतिक र आर्थिक असर परेको छ । बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन गरी ७ हजार ५ सय ७० वटा निजी घरहरू क्षतिग्रस्त भएका छन् । यसबाहेक ४८ वटा सार्वजनिक भवन, १८ वटा विद्यालय, ७ वटा स्वास्थ्य संस्था र ३० वटा सांस्कृतिक सम्पदामा क्षति पुगेको छ । यो क्षेत्रका लागि १ खर्ब ३ अर्ब ५४ करोड ९९ लाख रुपैयाँ बजेट आवश्यक छ ।

यसैगरी, व्यापार, व्यवसाय, बैंक र कृषि समेटिएको उत्पादक क्षेत्रको पुनरुत्थानका लागि ५० अर्ब ७७ करोड ४९ लाख रुपैयाँ लाग्ने आकलन गरिएको छ । उत्पादन क्षेत्रअन्तर्गत १ हजार ८०६ हेक्टर कृषि बाली, १७ वटा बैंक शाखा र ४ हजार ८०० व्यापारिक प्रतिष्ठानहरू प्रभावित भएका छन् ।

५ जिल्लाका प्रभावित १५ स्थानीय तहमध्ये नुवाकोटको विदुर नगरपालिकामा मात्रै ३ हजार २६ घरमा क्षति पुगेको छ ।

विपद् जोखिम न्यूनीकरण तथा नदी व्यवस्थापनका लागि ९४ अर्ब ७५ करोड ३१ लाख रुपैयाँ र लेदो तथा भग्नावशेष व्यवस्थापनका लागि ५१ करोड ५४ लाख रुपैयाँ आवश्यक पर्ने प्रतिवेदनले औंल्याएको छ ।

प्रतिवेदनले पुनःनिर्माणलाई दुई चरणमा विभाजन गरेको छ । जसअनुसार, आगामी ६ महिनाभित्र तत्काल राहत तथा अल्पकालीन पुनःनिर्माणका लागि ८ अर्ब ७३ करोड ५० लाख रुपैयाँ र दीर्घकालीन पुनःनिर्माणका लागि ७ खर्ब १४ अर्ब ५८ करोड २ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

## राहत कोषमा १२ अर्ब ४३ करोड मौज्दात

काठमाण्डौ २५ भदौ/प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा अहिले १२ अर्ब ४३ करोड ३३ लाख १० हजार ४१ रुपैयाँ मौज्दात छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार आज बिहान ९ बजेसम्मको विवरणअनुसार विभिन्न ९ वटा बैंकमा ९ अर्ब १४ करोड ३९ लाख ९८ हजार ५०३ रुपैयाँ मौज्दात छ ।

त्यस्तै कोषका २ वटा बैंकमा रहेको डलर खातामा २ करोड १६ लाख ३७ हजार ६९१ अमेरिकी डलर जम्मा भएको छ । नेपाली रुपैयाँ र अमेरिकी डलरको मौज्दात जोड्दा कोषको कुल उपलब्ध रकम १२ अर्ब ४३ करोड रुपैयाँभन्दा धेरै पुगेको कार्यालयले जनाएको छ ।

विवरणअनुसार आज मात्रै नेपालीतर्फ १७ करोड २५ लाख ६९ हजार ६७५ रुपैयाँ र अमेरिकी डलरतर्फ २ लाख ७४ हजार ६२ डलर थप सङ्कलन भएको छ ।

राहत कोषबाट केही दिनअघि रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट पीडितलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत १ अर्ब रुपैयाँ निकासा भएको थियो ।

# भोटेकोशी बाढी : अहिलेसम्म १ हजार ३७७ जनाको शव भेटियो

काठमाण्डौ २५ भदौ/भोटेकोशी बाढीमा परेर सम्पर्कविहीन भएकामध्ये अहिलेसम्म १ हजार ३७७ जनाको शव फेला परेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सबैभन्दा धेरै चितवनमा ३६४ जनाको शव भेटिएको छ । नवलपरासी पूर्वमा २२८, नवलपरासी पश्चिममा २२२, नुवाकोटमा १९८, रसुवामा १७८, गोरखामा ७७, धादिङमा ७० र तनहुँमा ३८ जनाको शव फेला परेको हो । काठमाडौंमा उपचारका क्रममा २ जनाको ज्यान गएको हो ।

प्राधिकरणका अनुसार अझै ५ हजार ९३० जना बेपत्ता छन् । बाढीमा परेर ३३३ जना घाइते भएका छन् भने २५६ जना उपचारपछि डिस्चार्ज भएका छन् । अहिलेसम्म १३ हजार ६५६ जनाको उद्धार भएको छ ।

अहिले नुवाकोटका होल्डिङ सेन्टरमा २ हजार ६१५ जना, रसुवामा ७७५ र धादिङमा २९५ जना रहेका छन् । होल्डिङ सेन्टरमा खान बस्नको सुविधासँगै अहिले स्वास्थ्य मन्त्रालयले मनोसामाजिक परामर्श पनि सञ्चालन गरिरहेको छ ।

# खेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेर युवक घाइते

कलैया, २५ भदौ/महागढीमाई नगरपालिका( २ बरियारपुरमा खेतमा सिँचाइ गर्न विद्युतीय मोटर चलाउने क्रममा करेन्ट लागेर एक युवक घाइते भएका छन् ।

आज बिहान करिब १०:३० बजे आफ्नै खेतमा पानी लगाउन विद्युत् मोटर सञ्चालन गर्ने क्रममा स्थानीय ३५ वर्षीय साहिल यादवलाई करेन्ट लागेको प्रहरीले जनाएको छ ।

करेन्ट लागेर घाइते भएका यादवलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल कलैया लगिएको थियो। अस्पतालका अनुसार उहाँको अवस्था मध्यम रहेको छ । यादवको उपचारमा उनका भाञ्जा कमलेश प्रसाद यादव संलग्न रहेको जनाइएको छ ।

घटनाबारे अस्पतालमा खटिएका प्रहरीले दिउँसो करिब २ बजे प्रहरी चौकी बरियारपुरलाई जानकारी गराएका थिए । जानकारी पाएलगत्तै प्रहरी नायब निरीक्षक कपिल अधिकारीको कमाण्डमा दुई जनाको प्रहरी टोली घटनास्थलतर्फ गएको थियो ।

प्रहरीका अनुसार घटनास्थल प्रहरी चौकी बरियारपुरबाट करिब ५०० मिटर पश्चिममा रहेको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। खेतबारीमा विद्युत् मोटर, तार तथा अन्य विद्युतीय उपकरण प्रयोग गर्दा आवश्यक सुरक्षा सावधानी अपनाउन प्रहरीले सर्वसाधारणलाई आग्रह गरेको छ ।

# १८ किलो ७ सय ग्राम गाँजासहित एकजना पक्राउ



वीरगञ्ज, २५ भदौ/पर्साको पटेर्वासुगौली गाउँपालिका-४ भथौडास्थित एक घरबाट प्रहरीले ठूलो परिमाणमा अवैध लागुऔषध गाँजा बरामद गरेको छ। प्रहरीले गाँजासहित घरधनी ७० वर्षीय दुःखी महतो नुनियालाई पक्राउ गरेको जनाएको छ

विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक समुन्नत अधिकारीको नेतृत्वमा खटिएको प्रहरी टोलीले बिहीबार बिहान करिब १ बजे नुनियाको घरमा छापा मारेको थियो ।

छापा मार्ने क्रममा घरभित्र लुकाइछिपाइ राखिएको अवस्थामा १८ किलो ७०० ग्राम गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो ।

घरभित्रबाट गाँजा बरामद भएपछि प्रहरीले घरधनी नुनियालाई समेत नियन्त्रणमा लिएको डीएसपी मल्लले बताउनुभयो ।

पक्राउ परेका नुनियालाई प्रहरी हिरासतमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। प्रहरीले गाँजा कहाँबाट ल्याइएको थियो, कसका लागि भण्डारण गरिएको थियो तथा कारोबारमा अन्य व्यक्तिको संलग्नता छ कि छैन भन्ने विषयमा समेत अनुसन्धान अघि बढाएको जनाएको छ

# क्यासिनोमा नाम जोडिएका प्रहरी निरीक्षक पौडेल निलम्बित

वीरगञ्ज, २५ भदौ/पर्साको क्लार्क क्यासिनो प्रकरणमा नाम जोडिएपछि इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक प्रदीप पौडेल निलम्बनमा परेका छन् ।

पर्साको वीरगञ्ज महानगरपालिका( १४ गण्डकस्थित रिसोर्टमा सञ्चालित क्यासिनोसम्बन्धी प्रकरणमा प्रहरी निरीक्षक पौडेलको नाम जोडिएपछि उनलाई निलम्बन गरिएको हो ।

उनको स्थानमा प्रहरी निरीक्षक भानुभक्त अर्यालले बिहीबारदेखि इलाका प्रहरी कार्यालय पोखरियाको नेतृत्व सम्हाल्नुभएको छ। अर्याल इलाका प्रहरी कार्यालय गजुरीबाट काज सरुवामा पोखरिया आउनुभएको हो। कार्यालयको जिम्मेवारी सम्हाल्दै उहाँले क्षेत्रको शान्ति(सुरक्षा कायम गर्ने, अपराध नियन्त्रणलाई प्रभावकारी बनाउने तथा नागरिकमैत्री प्रहरी सेवा प्रवाहलाई प्राथमिकतामा राख्ने बताउनुभएको छ

क्यासिनो प्रकरणको अनुसन्धान जारी रहेकै अवस्थामा इलाका प्रहरी कार्यालय पोखरियाको नेतृत्व परिवर्तन हुनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार सो घटनामा थप अनुसन्धान भइरहेको छ । घटनामा संलग्नता, प्रहरीको भूमिका तथा अन्य सम्बन्धित पक्षबारे अनुसन्धानबाट थप तथ्य खुल्ने प्रहरीले जनाएको छ ।

# प्रधानमन्त्री शाहको अमेरिका भ्रमण स्वीकृत



काठमाण्डौ २५ भदौ/प्रधानमन्त्री वालेन्द्र शाहको अमेरिका भ्रमण स्वीकृत भएको छ । आज बसेको मन्त्रिपरिषद् बैठकले असोज ६ देखि १० गतेसम्म संयुक्त राष्ट्रसङ्घको ८१औं महासभामा सहभागी हुने प्रधानमन्त्री शाह नेतृत्वको नेपाली प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिनुभयो ।

महासभामा प्रधानमन्त्री शाहले भोटेकोशीको बाढी र त्यसले पुऱ्याएको क्षतिबारे अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनुहुनेछ।

भदौ ३ गतेको मन्त्रिपरिषद् बैठकले परराष्ट्रमन्त्री खनाललाई महासभामा पठाउने निर्णय गरेको थियो । तर भदौ १० गते आएको बाढीमा ठूलो जनधनको क्षति भएपछि जलवायु परिवर्तनजन्य विपद्बाट हिमाली क्षेत्रमा

बाँकी तेस्रो पेजमा

# नवनियुक्त उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री साहद्वारा पदभार ग्रहण



काठमाडौं २५ भदौ/नवनियुक्त उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले पदभार ग्रहण गर्नुभएको छ ।

बिहीबार राष्ट्रपति भवन शितल निवासमा शपथ लिएपछि मन्त्री साह मन्त्रालय पुगेर पदभार ग्रहण गर्नुभएको हो ।

बाँकी तेस्रो पेजमा

# अस्पताल अगाडि सडकपेटीमै बच्चा जन्माउन बाध्य



काठमाण्डौ २५ भदौ/सप्तरीको राजविराजमा रहेको गजेन्द्रनारायण सिंह अस्पताल अगाडि सडकपेटीमै एक महिलाले शिशुलाई जन्म दिएको सीसीटीभी फुटेज सामाजिक सञ्जालमा फैलिएको छ ।

राजविराज नगरपालिका वडा नम्बर १४ पर्साहीकी ३० वर्षीया बबिताकुमारी पासवानले गएराति सडकपेटीमै बच्चा जन्माएको भिडियो भाइरल बनेको हो ।

परिवारका अनुसार उहाँलाई सुत्केरी व्यथा लागेपछि अस्पताल पुऱ्याइएको थियो । अस्पतालले रगत परीक्षणका लागि झण्डै ३ हजार २०० रुपैयाँ खर्च लाग्ने बतायो । तर साथमा २ हजार रुपैयाँ मात्र भएका उहाँका श्रीमान् सहयोगको याचना गर्दै अस्पताल बाहिर निस्कनुभयो ।

पैसाको जोहो हुन नसकेपछि र अस्पतालका कर्मचारीले समेत वास्ता नगरेपछि बबिताले झण्डै साढे २ घण्टाको व्यथापछि बिहान साढे ४ बजे सडकपेटीको नालामाथि नै बच्चा जन्माउन बाध्य हुनुभयो ।

शिशु जन्मिएपछि पुनः गाइनो वार्ड पुग्दासमेत अस्पतालका स्वास्थ्यकर्मी र सरसफाइ कर्मचारीले दुर्व्यवहार गर्दै बाहिर निकालेको पीडित परिवारको गुनासो छ । अस्पताल प्रशासनले भने बिरामी पक्ष कसैलाई नभनी आफैं बाहिरिएको दाबी गरेको छ ।

भिडियो सामाजिक सञ्जालमा फैलिएपछि भने अस्पतालले आमा र शिशुलाई अस्पताल लगेर स्वास्थ्य परीक्षण गरेको छ ।

यसैबीच आर्थिक अभावका कारण महिला सडकमै सुत्केरी हुनुपरेको संवेदनशील घटना आज प्रतिनिधिसभा बैठकमा पनि उठेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र कर्णले संसद्मा घटनाबारे ध्यानाकर्षण गराउँदै सरकारसँग जवाफ माग गर्नुभएको छ ।

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा-सम्पादकः- कमलकुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादकः- गोकुल घोरसाइने., सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, व्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालयः- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रकः- के.एस. मल्टिप्रपोज प्रा.ली. बिरगंज, पर्सा ०५१-५९१८७३